**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40hrs** **Date: 01.04.2026**

**सांसद इन्द्र हाङ सुब्बा**

सिक्किमका लोकसभा सांसद इन्द्र हाङ सुब्बाले आज नयाँ दिल्लीस्थित संसद भवनमा केन्द्रीय गृहमन्त्री अमित शाहसँग भेटवार्ता गर्नुभएको छ। भेटका क्रममा सांसद सुब्बाले सिक्किमसँग सम्बन्धित विभिन्न महत्वपूर्ण विषयहरूबारे गृहमन्त्रीलाई जानकारी गराउँदै विशेषगरी लिम्बू र तामाङ अनुसूचित जनजातिका लागि सिक्किम विधानसभामा सिट आरक्षणको लामो समयदेखि समाधान हुन नसकेको मुद्दा उठाउनु भएको छ। यस विषयमा ऐतिहासिक पृष्ठभूमि तथा शीघ्र समाधानको आवश्यकताबारे उल्लेख गरिएको विस्तृत ज्ञापनपत्र पनि गृहमन्त्रीसमक्ष पेश गरिएको जनाइएको छ।

**मुख्यमन्त्री**

मुख्यमन्त्री Prem Singh Tamang ले आज चिन्तन भवनमा आयोजित "विकसित सिक्किमका लागि मानव संसाधन विकास" विषयक राज्यस्तरीय शिक्षा सम्मेलनमा सहभागिता जनाउनु भयो । उक्त अवसरमा बोल्दै मुख्यमन्त्री तामाङले सरकारको उद्देश्य सरकारी विद्यालयहरूलाई सुदृढ बनाउँदै प्रत्येक परिवारको पहिलो रोजाइको शैक्षिक संस्था बनाउनु रहेको बताउनुभएको छ। उहाले गुणस्तर, नवप्रवर्तन र विश्वासको आधारमा शिक्षा प्रणालीलाई अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो। उहाले शिक्षा प्रणालीमा डिग्री केन्द्रित अध्ययनबाट सिपमा आधारित तथा भविष्य–उन्मुख शिक्षातर्फ स्पष्ट रूपान्तरण आवश्यक रहेको उल्लेख गर्दै विद्यार्थीहरूमा नवप्रवर्तन, उद्यमशीलता र आत्मविश्वास विकास गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो।

**जनगणना 2027**

भारत सरकारको गृह मन्त्रालय र सिक्किमस्थित जनगणना सञ्चालन निर्देशनालयको सहकार्यमा जनगणना 2027 को पहिलो चरण आज गान्तोकस्थित लोक भवन अनि सम्मान भवनमा औपचारिक रूपमा शुभारम्भ गरिएको छ। लोकभवनको कार्यक्रममा राज्यपाल ओमप्रकाश माथुर अनि सम्मान भवनको कार्यक्रममा मुख्यमन्त्री प्रेमसिंह तामाङको उपस्थिति रहेको थियो। कार्यक्रमलाई सम्बोधन गर्दै राज्यपाल माथुरले जनगणना 2027 को शुभारम्भसँगै भारतको 16औँ तथा स्वतन्त्रतापछिको आठौँ जनगणना सुरु भएको बताउनुभयो। उहाँले 2011 मा पछिल्लो जनगणना सम्पन्न भएको स्मरण गराउँदै यसपटक जनगणना दुई चरणमा सञ्चालन हुने जानकारी दिनुभयो। पहिलो चरणअन्तर्गत डिजिटल स्व–गणना, घर सूचीकरण तथा आवास जनगणना रहनेछ भने दोस्रो चरणमा जनसङ्ख्या गणना गरिनेछ।

उहाले, स्वास्थ्य, शिक्षा, आवास, रोजगारी र सामाजिक सुरक्षाजस्ता क्षेत्रका नीतिनिर्माणमा जनगणनाको तथ्यांक आधार बन्ने उल्लेख गर्नुभयो। त्यसैगरी, सम्मान भवनमा आयोजित कार्यक्रममा मुख्यमन्त्री प्रेमसिंह तामाङले जनगणना 2027 राष्ट्रिय महत्वको अभियान भएको उल्लेख गर्दै यसको तथ्यांक केन्द्र र राज्य दुवै तहका नीति निर्माण तथा योजना कार्यान्वयनका लागि आधार बन्ने बताउनुभयो। उहाँले राज्य सरकारको तर्फबाट आवश्यक सहयोग रहने प्रतिबद्धता जनाउँदै नागरिकलाई सक्रिय सहभागिताका लागि आह्वान गर्नुभयो। कार्यक्रममा जनगणना सञ्चालन निर्देशनालयका निर्देशक कर्मा आर बोन्पोले पहिलो चरणअन्तर्गतको डिजिटल स्व–गणना कार्यक्रमबारे जानकारी दिनुभयो। उहाँले se.census.gov.in पोर्टलमार्फत नागरिकले आफ्ना विवरण अनलाइनमार्फत बुझाउन सक्ने बताउनुभयो। यसका साथै, तथ्यांक संकलनले समान रूपमा स्रोत वितरण तथा विकास गतिविधिलाई मार्गदर्शन गर्ने उल्लेख गर्दै आम नागरिक र सञ्चार माध्यमलाई जनचेतना फैलाउन आग्रह गर्नुभयो।

**नगरपालिका निर्वाचन**

आगामी अप्रिल 24 मा हुने नगरपालिका निर्वाचनको तयारी अन्तर्गत आज सिक्किमका 6 जिल्लामा उम्मेदवारहरूको नामांकन कागजात जाँच प्रक्रिया सम्पन्न गरिएको छ। निर्वाचन आयोग अनुसार उम्मेदवारहरूले आगामी अप्रिल 4 सम्म आफ्नो उम्मेदवारी फिर्ता लिन सक्नेछन्। मतदान भने 24 अप्रिल मा सम्पन्न हुने निर्वाचन कार्यालयले जनाएको छ।

**साहित्यकार चन्द्रप्रकाश भट्टराई**

सिक्किमका वरिष्ठ साहित्यकार चन्द्रप्रकाश भट्टराईलाई उहाको चर्चित कृति 'नेपाली परम्परागत संस्कृति र सभ्यताको ढिकुटी'का लागि वर्ष २०२५ को नेपाली भाषातर्फको प्रतिष्ठित साहित्य अकादमी पुरस्कारबाट मंगलबार नयाँ दिल्लीमा अलङ्कृत गरिएको छ। राजधानीमा आयोजित भव्य समारोहबीच साहित्य अकादेमीका अध्यक्ष माधव कौशिकले श्री भट्टराईलाई उक्त पुरस्कार हस्तान्तरण गर्नुभएको थियो। 'प्रकाश भट्टराई' नामबाट साहित्य क्षेत्रमा परिचित भट्टराईले नेपाली भाषा, साहित्य, संस्कृति तथा परम्पराको संरक्षण र प्रवर्द्धनमा निरन्तर योगदान पुर्‍याउँदै आउनुभएको छ। उहाको पुरस्कृत कृति 'नेपाली परम्परागत संस्कृति र सभ्यताको ढिकुटी'लाई नेपाली समाजको सांस्कृतिक समृद्धि र परम्परागत ज्ञानको खोजमूलक दस्तावेजका रूपमा उच्च मूल्याङ्कन गरिएको छ।